UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको निधनमा महासचिवका प्रतिनिधि करिन लनग्रेनद्वारा गम्भीर शोक व्यक्त

२० मार्च २०१०

प्रतिष्ठित नेता, नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निधनमा महासचिवका प्रतिनिधि करिन लनग्रेनले अन्मिन तथा नेपालमा कार्यरत राष्ट्रसंघीय टोलीका तर्फबाट गम्भीर शोक व्यक्त गर्नुभएको छ।

उहाँको निधनबाट नेपालले राजनीतिक इतिहासकै उच्चतम् व्यक्तित्व गुमाएको छ। गिरिजाप्रसाद कोइरालाले दश वर्षे द्वन्द्वलाई अन्त्य गर्ने शान्ति प्रक्रियामा प्रमुख भूमिका निर्वाह गर्नुभएको थियो। आफ्नो राजनीतिक सीप तथा विश्वसनीयताका बलमा नै उहाँले दलहरूलाई संवादमा ल्याउनुभयो र त्यसैबाट बाह्र बुँदे समझदारी सम्भव भयो र यसमै आधारित भएर विस्तृत शान्ति सम्झौता भयो।

दश दिन अगाडि मात्र गिरिजाप्रसाद कोइरालाले संयुक्त राष्ट्रसंघका उपमहासचिव बी. लिन पास्कोसँगको भेटमा अत्यन्त महत्त्वका साथ शान्ति प्रक्रियाका बारेमा छलफल गर्नुभएको थियो। शान्ति प्रक्रियाका विवादस्पद मुद्दाहरूको समाधानका लागि गत वर्ष उहाँले नै उच्चस्तरिय राजनीतिक संयन्त्रको प्रस्ताव गर्नुभएको थियो।

आफ्नो मुलुक र शान्तिका लागि गिरिजाप्रसाद कोइरालाको योगदान अपूर्व छ। उहाँको निधनमा अन्मिन र नेपालमा कार्यरत राष्ट्रसंघीय टोली शोकमा डुबेको छ, र लोकतान्त्रिक नेपालका अद्वितीय तथा साहसी पहरेदार गिरिजाप्रसाद कोइरालाको निधनमा हामी नेपाल सरकार र नेपाली जनता, नेपाली कांग्रेस पार्टी र कोइराला परिवारलाई हार्दिक समवेदना व्यक्त गर्न चाहन्छौं।

उहाँको दृढ निश्चयको भावनालाई आत्मसात गर्दै नयाँ संविधान बनाउने प्रक्रिया टुङ्गोमा पुऱ्याउन तथा नेपालमा दिगो शान्तिलाई स्थायी बनाउनका लागि ताजा प्रतिबद्धता ल्याउनु नै गिरिजाप्रसाद कोइरालाप्रति सच्चा श्रद्धाञ्जली हुनेछ।